# कर बुलेटिन
Tax Bulletin
आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष १, वार्षिक समीक्षा विशेषाङ्क, २०६९ श्रावण    Vol 1,    Issue 1,    July-August 2012


## कर प्रणाली सुधार वर्ष घोषणा



आन्तरिक राजस्व विभागले चालु आ.व. २०६९/७० लाई "कर प्रणाली सुधार वर्ष" घोषणा गरी सुधारका विभिन्न रणनीतिक अभियान सञ्चालन गर्ने भएको छ।

विभागले वार्षिक समीक्षा तथा भावी रणनीति योजना निर्माणका लागि २०६९ श्रावण १५ गतेदेखि सुरु गरेको ३ दिने सम्मेलनको उद्घाटन समारोहमा कर प्रशासनका मुद्दाहरूबारे प्रस्तुतिकरण गर्नु हुँदै विभागका महानिर्देशक श्री टंकमणि शर्माले विभागको भावी रणनीतिबारे जानकारी दिनुभयो।

शोध अनुसन्धानमा आधारित राजस्व नीति, कर दाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रणालीमा आधारित करदाता सेवा तथा वैज्ञानिक पूर्वानुमानमा आधारित राजस्वको लक्ष्य हुने गरी विभागले भावी रणनीति बनाएको उहाँले जानकारी दिनुभयो । त्यसका लागि विभागले चालु आ.व.मा मात्रै १० हजार जना व्यक्तिलाई करदाता शिक्षासम्बन्धी प्रशिक्षण दिने जनाएको छ। यस्तै निकट भविष्यमै करदाताहरूले बैंकहरूको जुनसुकै शाखाबाट बैंकिङ कारोवार गर्न मिल्ने एबीबीएस सेवामार्फत् कर तिर्न सक्ने व्यवस्था गर्न लागिएको महानिर्देशकले श्री टंकमणि शर्माले जानकारी दिनुभयो।

यसैगरी पूर्व सूचना र प्रमाणमा आधारित भई कानून प्रबलीकरण तथा कर छलीको अनुसन्धान गर्ने परिपाटी विकास गर्नका लागि विभागले कर सूचना सञ्जाल प्रणाली विकास गर्ने भएको छ । त्यसका लागि नेपाल राष्ट्र बैंक, मालपोत कार्यालयहरू, यातायात व्यवस्था विभाग तथा महानगरपालिका र नगरपालिकाहरूसँग समन्वय गरी करदाताहरूको सूचना

(बाँकी पृष्ठ २ मा)

## निजी क्षेत्रसँगको सहकार्यमा राजस्व नीति ल्याइने




राष्ट्रनिर्माणमा निजी क्षेत्रसँग हातेमालो गर्ने उद्देश्यका साथ सरकारले चालु आ.व. २०६९/७० देखि निजी क्षेत्रसमेतको सहकार्यमा राजस्व नीति तय गर्ने भएको छ । विशेष परिस्थितिवश चालु आ.व.को लागि पूर्ण आकारको बजेट आउन नसकेको बेला आन्तरिक राजस्व विभागले करदाता, निजी क्षेत्र र कर प्रशासन बीचको अन्तर्क्रिया एवं सामूहिक प्रयासबाट राजस्व नीति तथा वार्षिक कार्यक्रमको रणनीतिक योजना बनाउन पहल गरेको छ।

विभागले आ.व. २०६८/६९ भरि भएगरेका कामकारवाहीको वार्षिक समीक्षा तथा रणनीतिक योजना निर्माणका लागि आयोजना गरेको ३ दिने सम्मेलन २०६९ श्रावण १५ गतेदेखि सुरु भएको छ । राजधानीको बुढानिलकण्ठस्थित पार्क भिलेज होटल एण्ड रिसोर्टमा आयोजित एक समारोहकाबीच सम्मेलनको उद्घाटन गर्नु हुँदै माननीय अर्थमन्त्री श्री वर्षमान पुनले निजी क्षेत्रलाई व्यवसाय गर्न थप प्रोत्साहित गर्ने गरी विश्वव्यापी स्तरमा राजस्वका नीतिहरू निर्माण गर्ने काम सुरु भइसकेको जानकारी दिनुभयो।

संक्रमणकालीन स्थितिको सामना गर्दै लगानीको वातावरणलाई सुदृढ बनाउन सरकार र निजी क्षेत्रले एकीकृत रूपमा काम गर्नुपर्ने धारणा राख्दै उहाँले

(बाँकी पृष्ठ २ मा)

### आँखीभ्याल


गत आ.व.को समग्र कार्यसम्पादन सन्तोषजनक — पृष्ठ ३

करदाताको मनोबल बढाऔं : निजी क्षेत्र — पृष्ठ ३

सम्मेलनको उद्घाटन सत्रका केही झलकहरू — पृष्ठ ४




कर तिर्नु कानूनी कर्तव्य मात्र होइन, सम्मान पाउने अवसर पनि हो ।

Tax Bulletin final - Special Issue 1.pmd 1 31/07/2012, 08:07

**संरक्षक**

टंकमणि शर्मा

**सम्पादक मण्डल**

नरसागर श्रेष्ठ

मदन दहाल

महाराज कोइराला

नारायणप्रसाद सुवेदी

शिव शर्मा

ढुण्डीराज दाहाल

**प्रकाशक**

आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

फोन : ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९

Email: taxbulletin@ird.gov.np

Website: www.ird.gov.np

पृष्ठ १ बाट जारी

## निजी क्षेत्रसँगको ...

**छायाँ अर्थतन्त्रका रुपमा विकास भइरहेको अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याई वास्तविक अर्थतन्त्रको आकार वृद्धि गर्नु नै राजस्वको मूल नीति हुनुपर्ने**

देशका सबै क्षेत्रका करदातालाई समान ढंगले गुणस्तरीय सेवा पुऱ्याउने गरी कर प्रशासनको रणनीतिक योजना केन्द्रीत गर्न सुझाव दिनुभयो । सबैखाले परिवर्तनका लागि बजेटकै व्यवस्था गर्नु आवश्यक नभएको भन्दै माननीय अर्थमन्त्री श्री पुनले उद्योगी व्यवसायीहरूलाई उत्प्रेरित गर्नका लागि सरकारले तत्कालै केही नीतिगत सुधार गर्न लागेकोसमेत सो अवसरमा जानकारी दिनुभयो ।

नेपालको समग्र अर्थतन्त्र नै न्यून मूल्यांकन भइरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै उहाँले छायाँ अर्थतन्त्रका रुपमा विकास भइरहेको अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याई वास्तविक अर्थतन्त्रको आकार वृद्धि गर्नु नै राजस्वको मूल नीति हुनुपर्नेमा जोड दिनुभयो। करको दायरा भित्र करदाताहरूलाई जबर्जस्ती ल्याइने र त्यसरी ल्याइएका करदाताहरू पनि मौका पाउनासाथ भाग्ने स्थितिको अन्त्य गर्दै उदार कर नीति बनाउन आवश्यक भएको उहाँको धारणा थियो। यस्तै कर प्रशासनका जनशक्तिलाई सेवा प्रवेशदेखि नै दक्ष बनाउनका लागि आवश्यक लगानी गर्न राज्य तयार रहेको बताउँदै उहाँले त्यसका लागि समेत ठोस योजना तय गर्न आन्तरिक राजस्व विभागलाई निर्देशन दिनुभयो ।

माननीय अर्थमन्त्री श्री वर्षमान पुनले उद्घाटन समारोहमा आन्तरिक राजस्व विभागले प्रकाशन आरम्भ गरेको मासिक बुलेटिन "कर बुलेटिन" तथा मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ सार्वजनिक गर्नुभयो ।

उद्घाटन समारोहको सभापतित्व गर्नुभएका अर्थसचिव श्री कृष्णहरि बास्कोटाले अबको राजस्व नीतिको मूल लक्ष्य स्वावलम्बन र स्वाधीन अर्थतन्त्र निर्माण हुनुपर्ने विचार व्यक्त गर्दै देश चलाउन विदेशी मित्र राष्ट्र र दातृ निकायलाई गुहार्नुपर्ने स्थिति अन्त्य भए सबै नेपालीको शिर उँचो हुने बताउनुभयो। अन्त:शुल्क, मूल्य अभिवृद्धि कर तथा भन्सारको अन्तिम भार उपभोक्ताहरूलाई पर्ने हुँदा त्यस प्रकारका कर तिर्नका लागि निजी क्षेत्रलाई भार भएको मान्न नसकिने स्पष्ट पार्दै उहाँले अबको राजस्व नीतिले उत्पादनमूलक, कृषिप्रधान तथा निकासीजन्य उद्योग व्यवसायलाई प्रोत्साहन गर्ने विश्वास व्यक्त गर्नुभयो । यस्तै उहाँले प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरूलाई प्राथमिकता दिने, कर प्रक्रियालाई सरलीकरण गर्ने र करदाताको चेतना अभिवृद्धि गर्नेतर्फ राजस्व नीतिको प्राथमिकता तोक्नु आवश्यक भएको बताउनुभयो ।

उद्घाटन समारोहमा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरू, नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री पशुपति मुरारका, नेपाल उद्योग परिसंघका उपाध्यक्ष श्री वीरेन्द्रकुमार सांघाई, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष श्री सुरेश बस्नेत, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाका अध्यक्ष श्री मधुवीर पाण्डे लगायतले करदाता र कर प्रशासनबीचको दूरी कम गर्नका लागि आवश्यक वातावरण निर्माण गर्न नीति निर्माताहरूले ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

श्रावण १७ गतेसम्म सञ्चालन हुने सो सम्मेलनमा करप्रशासनका अधिकारीहरू, करदाता, निजी क्षेत्रका प्रतिनिधि, विज्ञ एवं अन्य सरोकारवालाहरूबीच छलफल गरी राजस्वको ठोस नीति तथा रणनीतिक योजना तय गर्ने आन्तरिक राजस्व विभागको लक्ष्य रहेको छ । कर दाताहरूको अपेक्षालाई सम्बोधन गर्नका लागि कर प्रशासनले एकतर्फी ढंगले बनाउने नीति प्रभावकारी नहुने ठहर गर्दै आन्तरिक राजस्व विभागले सरोकारवाला सबै पक्षलाई समेटेर राजस्व नीति बनाउन लागेको हो। आन्तरिक राजस्व विभागले चालु आ.व.का लागि १ वर्षे रणनीति तथा ५ वर्षका लागि दीर्घकालीन रणनीति तयार पार्ने जनाएको छ।

पृष्ठ १ बाट जारी

## कर प्रणाली ...

**साना तथा मध्यम करदाताहरूको लागि अत्यन्त सरल कर प्रक्रिया निर्धारण गरिने**

**संकलन गरी डाटा सेन्टर निर्माण गरिने उहाँले जानकारी दिनुभयो । करदातालाई अपेक्षा अनुसार आवश्यक सेवा प्रदान गर्न कारोवारमा आधारित भई करदाताको वर्गीकरण गरिने बताउँदै महानिर्देशक श्री शर्माले साना तथा मध्यम करदाताहरूको लागि अत्यन्त सरल करप्रक्रिया निर्धारण गरिने बताउनुभयो ।**

**कर प्रणाली सुधारका लागि नीति तथा वैधानिक क्षेत्र, करदाता सेवा, कानून प्रबलीकरण, जनशक्ति व्यवस्थापन, बजेट प्रणाली, ई(सेवा तथा सूचना प्रविधि र संगठन तथा व्यवस्थापन गरी विभिन्न ७ वटा क्षेत्रमा सुधार गर्ने विभागले लक्ष्य राखेको छ। समाजमा उद्योगी र व्यवसायी मात्रै करदाता हुन् भन्ने गलत धारणा विकास भइरहेकोमा त्यसलाई विस्थापित गर्दै जसले आय आर्जन गर्छ, त्यो करदाता हो भन्ने चेतना विकास गर्न विभागले कटिबद्ध भई काम गर्ने महानिर्देशक श्री टंकमणि शर्माले प्रतिबद्धता जनाउनुभयो। उहाँले नेपालको करप्रणाली र करदाता शिक्षासम्बन्धी विषयवस्तु माध्यमिक तहदेखि नै पाठ्यक्रममा समावेश गर्नुपर्ने समेत आवश्यकता औंल्याउनुभयो ।**

**गत आ.व.मा झुटा बिल बिजक जारी गर्ने व्यवसायीहरूको छानबिनमा विभाग व्यस्त रहेको स्मरण गर्दै उहाँले कर छलीको ठूलो घटना सार्वजनिक भएतापनि सरकार र आन्तरिक राजस्व विभागले कानूनमा उल्लेख भएबमोजिम करदाताहरूको गोपनीयता कायम राख्न महत्वपूर्ण अडान लिएको बताउनुभयो। करदाताका लागि त्यसभन्दा ठूलो प्रत्याभूति अरु हुन नसक्ने बताउँदै उहाँले करदातालाई पनि इमान्दारिता कायम गर्न आग्रह गर्नुभयो ।**



Tax Bulletin final - Special Issue 1.pmd 2 31/07/2012, 08:07

# गत आ.व.को समग्र कार्यसम्पादन सन्तोषजनक

वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माण सेमिनारको पहिलो दिनको प्राविधिक सत्रमा गत आ.व. २०६८/६९ को समग्र कार्यसम्पादनको समीक्षा गरिएको छ । विभागका निर्देशक श्री महाराज कोइरालाले आन्तरिक राजस्व विभागअन्तर्गत आ.व. २०६८।०६९ मा राजस्व असुली लगायत कार्यगत लक्ष्य प्रगतिको विस्तृत विवरण प्रस्तुत गर्नुभयो । निर्देशक श्री कोइरालाको प्रस्तुतिमा समग्र राजस्व असुलीको अवस्था, कार्यालयगत कार्यगत लक्ष्य प्रगतिको अवस्था र कार्यालयहरूको न्चबमष्लन तथा च्वलपष्लन को विस्तृत विवरण समावेश भएको थियो ।

प्रस्तुत विवरण अनुसार विगत चार वर्षको राजस्व वृद्धिदर ३० प्रतिशत रहेको छ। गत आ.व.को राजस्व असुलीमा ठूला करदाता कार्यालयको झण्डै ५१ प्रतिशत योगदान र काठमाडौंस्थित कार्यालयको योगदान ७० प्रतिशत भन्दा बढी रहेको थियो । PAN, VAT मा क्रमशः ५३९ हजार र ११३ हजार तथा PIT समेत गरी झण्डै ८ लाख करदाता दर्ता रहेको भएतापनि Non filer को दर उच्च र हेकाले करदाता संख्या वृद्धि प्रभावकारी हुन नसकेको देखिन्छ । यसले गर्दा करदाता शिक्षाका कार्यक्रम सञ्चालन गर्दा गर्दै पनि कर पालनाको (Compliance) को दर बढ्न नसकेको देखिन्छ । गत आ.व.को विभागको कार्यगत लक्ष्य प्रगति १०३ प्रतिशत रहेको छ । समग्र प्रगतिको अवस्था सन्तोषजनक रहेको भएतापनि निर्धारित नीति तथा कार्यक्रमहरूको प्रगति अवस्था मिश्रित रहेको तथ्य प्रस्तुत गरिएको छ ।

# करदाताको मनोबल बढाऔं : निजी क्षेत्र





## कर छली गर्ने व्यवसायीलाई कारवाही गराउन निजी क्षेत्रले पनि सहयोग गर्ने

निजी क्षेत्रले प्रभावकारी राजस्व संकलनको लागि करदाताको मनोबल बढाउन माग गरेको छ । आन्तरिक राजस्व विभागले आयोजना गरेको वार्षिक समीक्षा एवं रणनीतिक योजना निर्माण सम्मेलनमा उपस्थित निजी क्षेत्रका प्रतिनिधिमूलक संघसंस्थाका पदाधिकारीहरूले यो माग गर्नुभएको हो ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री पशुपति मुरारकाले गल्ती गर्ने केही व्यवसायीका कारण सबै व्यवसायीहरू समस्यामा पर्ने अवस्था आउन नहुने बताउनुभयो । उहाँले अघिल्लो आर्थिक वर्ष निजी क्षेत्रका लागि कर प्रशासनसँगको द्वन्द्व वर्ष जस्तो देखिएको टिप्पणी गर्दै राजस्वको लक्ष्य जसर ी पनि पूरा गर्ने उद्देश्यले कर प्रशासनले उद्योगीहरूलाई दबाब दिन नहुने बताउनुभयो । निजी क्षेत्रलाई उपभोक्ताले कालोबजारी, मजदुरले मजदुरमारा, राजनीतिकर्मीले सामन्तीका रूपमा चित्रण गरेको दुखेसो गर्दै उहाँले प्रशासनले पनि यस क्षेत्रलाई कर छली गर्नेका रूपमा चित्रण गर्न नहुने बताउनुभयो ।

नेपाल उद्योग परिसंघका उपाध्यक्ष श्री वीरेन्द्रकुमार सांघाईले बहुदरयुक्त मूल्य अभिवृद्धि कर प्रणाली लागू गर्न सके धेरै समस्या समाधान हुने विचार व्यक्त गर्नुभयो । छिमेकी मुलुक भारतमा विभिन्न वस्तुमा ४ प्रतिशत मात्रै मूल्य अभिवृद्धि कर भएकाले ती वस्तुहरूको सन्दर्भमा नेपाली व्यवसायीले प्रतिस्पर्धा गर्न नसकेको उहाँको कथन थियो । यस्तै नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष श्री सुरेश बस्नेतले कर छली गर्ने व्यवसायीलाई कारवाही गराउन निजी क्षेत्रले पनि सहयोग गर्ने बताउँदै सर्वप्रथम राजस्व संकलन गर्नका लागि करदाताको मनोबल बढाउने वातावरण बनाउन माग गर्नुभयो ।

# आन्तरिक राजस्व विभागको रणनीतिक योजना प्रस्तुत

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री कृष्णप्रसाद देवकोटाले आन्तरिक राजस्व विभागको आगामी ५ वर्षको लागि प्रस्तावित रणनीतिक योजना सार्वजनिक गर्नुभयो । आफ्नो प्रस्तुतिका क्रममा उपमहानिर्देशक श्री देवकोटाले योजनाको पृष्ठभूमि, योजनाको उद्देश्य, योजनाको संरचनात्मक व्यवस्था र यसको कार्यन्वयन व्यवस्थाका वारेमा विस्तृत प्रकाश पार्नुभयो । आन्तरिक राजस्व विभाग, GIZ / IMF समेतको सहभागिता र सहयोगमा विगत २ वर्षदेखिको अध्ययन तथा अन्तर्क्रिया लगायतको तयारी पूरा गरी यो रणनीतिक योजना तयार हुन सकेको तथ्य प्रस्तुत गर्दै श्री देवकोटाले यो रणनीतिक योजना आगामी ५ वर्षका लागि आन्तरिक राजस्व विभागको मार्गनिर्देशकको रूपमा रहने उल्लेख गर्नुभयो। प्रस्ताविक रणनीतिक योजनामा विभागको Vision, Mission, Values, Overall Objectives र Strategic Objectives को स्पष्ट रूपमा परि भाषित गरिएको छ। साथै यस योजनाले नीतिगत एवं प्रबलीकरणमा सुधार, करदाता सेवा, करदाता शिक्षा विस्तार, आधुनिक प्रविधिको अधिकतम उपयोग, संगठनात्मक संरचनाको Revitalization र क्षमतावान् कर्मचारीहरूको परिचालनलाई रणनीतिको मुख्य आधारको रूपमा लिएको छ।

रणनीतिक योजनाकै अंगको रूपमा विभागका उपमहानिर्देशक श्री मधुकुमार मरासिनीले आन्तरिक राजस्व विभागको प्रस्तावित सुधार योजनाको विस्तृत विवरण प्रस्तुत गर्नु भयो । प्रस्तुतिको क्रममा उप महानिर्देशक श्री मरासिनीले सुधार योजनाको पृष्ठभूमि, उद्देश्य, क्षेत्र र त्यसको कार्यान्वयन व्यवस्थाका सम्बन्धमा शीर्षकगत विवरण पेश गर्नुभएको थियो । उक्त दुवै प्रस्तुतिको अध्यक्षता महानिर्देशक श्री टंकमणि शर्माले गर्नुभएको थियो भने Panelist को रूपमा राजस्व प्रशासन तालिम केन्द्रका प्रमुख श्री शान्तबहादुर श्रेष्ठ, अर्थ मन्त्रालयका सहसचिवहरू श्री शान्तराज सुवेदी, र ाजन खनाल र शिशिर ढुंगानाले टिप्पणी गर्नुभएको थियो।



Tax Bulletin final - Special Issue 1.pmd 3 31/07/2012, 08:07








आन्तरिक राजस्व विभागद्वारा आयोजित सम्मेलनको उद्घाटन सत्रका केही झलकहरु









